# छिमेक लघुवित्त वित्तीय संस्था लि.

# CHHIMEK LAGHUBITTA BITIYA SANSTHA LTD.

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको ईजाजतपत्र प्राप्त संस्था)
"ग्रामिण विकासको आधार लघुवित्तको गुणात्मक विस्तार"
Central Office : Mid Baneshor, Kathmandu
Tel No. 0977-01- 4490513, 4464852, Fax No. 4465785
E-mail/website : info@chhimekbank.org, www.chhimekbank.org

## Laser Printer खरिद गर्न सिलबन्दी बोलपत्र आह्वानको सुचना

**दोस्रो पटक प्रकाशित मितिः २०७८/०५/१३**

यस वित्तीय संस्थाको लागि तपशिलमा उल्लेख भए अनुसार आवश्यक Laser Printer आपुर्ति गर्ने कार्य शिलबन्दी बोलपत्रको माध्यमबाट गराउनू पर्ने भएकोले यस अघिको सुचना मार्फत बोलपत्र पेश गर्न आब्हान गरिएकोमा आवश्यक संख्यामा बोलपत्र पेश हुन नआएकोले पहिलेको सुचना बमोजिम प्राप्त बोलपत्रलाई यथावत कायम राख्दै पुनः यस सुचना मार्फत सो सम्बन्धी कार्य गरेका अनूभवी इच्छूक फर्म/कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही शिलवन्दी बोलपत्र प्रकृयामा सहभागि हुन यो सुचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

| S.N. | Tender no. | Machine Type: | Qty. |
|---|---|---|---|
| १. | IT/04/78/79 | Single Functional Medium Heavy Duty Laser Printer | 64 set |
| २. | IT/05/78/79 | Multifunctional Laser Printer | 30 set |

**बोलपत्र सम्बन्धी सर्तहरु :**

१. बोलपत्रमा समावेश हून चाहने फर्म/कम्पनीहरुले माथि उल्लेख गरिए अनुसारका सामानको लागि छुट्टाछुट्टै बोलपत्र खरिद गरि पेश गर्नू पर्नेछ । आफुले गर्न चाहेको कामको बोलपत्र सम्बन्धी कागजात यो सुचना प्रकाशित भएको मितिदेखि ७ औं दिनको (सो दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खूलेको दिन) ३:०० बजेसम्म काठमाण्डौ, मध्येबानेश्वर स्थित यस वित्तीय संस्थाको केन्द्रीय कार्यालयबाट पछि फिर्ता नहूने गरी प्रति बोलपत्र रु.१,०००।- (अक्षरेपी एक हजार मात्र) तिरी खरिद गर्न सकिनेछ । बोलपत्र राखिएको खामको बाहिर शीरमा कुन कामको लागी शीलबन्दी बोलपत्र पेश गरिएको हो सोको विवरण समेत उल्लेख गरिएको हूनु पर्नेछ ।

२. बोलपत्र फाराम खरिद गर्न आउँदा सम्बन्धित फर्म तथा कम्पनीले नविकरण सहितको फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (मु.अ.कर समेत), आ.व.२०७६/७७ कर चुक्ताको प्रमाण पत्र सहित आधिकारिक निवेदन पेश गर्नू पर्नेछ ।

३. सुचना प्रकाशित भएको मितिदेखि ८ औं दिन (सो दिन विदा परेमा त्यसपछि कार्यालय खूलेको पहिलो दिन) को अपरान्ह १२:०० बजेभित्र यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय मध्येबानेश्वर काठमाण्डौमा बोलपत्र दाखिला भई सक्नू पर्नेछ ।

४.यो सूचना प्रकाशित भएको मिति देखि ८ औं दिन (सो दिन विदा परेमा त्यसपछि कार्यालय खूलेको पहिलो दिनको) दिउँसो ३:०० बजे बोलपत्रदाता वा निजको अख्तियारी प्राप्त प्रतिनिधिको उपस्थितिमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको अख्तियारी प्राप्त प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।

५. बोलपत्रको साथमा कबोल अंकको २.५ प्रतिशत (अढाई प्रतिशत) रकम यस वित्तीय संस्थाको **बैंक अफ काठमाण्डौ लिमिटेड, कमलादीमा रहेको खाता नं ०१०००००५१०३८५२४** मा जम्मा गरेको सक्कल बैंक भौचर वा यस वित्तीय संस्थाको पक्षमा जारी भएको बोलपत्र पेश गर्ने मितिले ९० दिन मान्य अवधि रहेको बैंक ग्यारेण्टी संलग्न गर्नू पर्नेछ ।

६. बोलपत्र सम्वन्धी विस्तृत विवरण र बोलपत्र सम्बन्धी अन्य शर्तहरु तथा गर्नू पर्ने कार्यहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम तथा सो बाहेक अन्य कूराहरु सार्वजनिक खरिद ऐन, २०६३ (संसोधन सहित) र वित्तीय संस्थाको विनियमावलीमा उल्लेख भए बमोजिम हूनेछ ।

७. प्राप्त बोलपत्रहरु स्वीकार गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकार गर्ने सम्पुर्ण अधिकार वित्तीय संस्थामा निहित हूनेछ । सो कारवाही सम्बन्धी कूनै कूरा प्रकाशमा ल्याउन वा जानकारी दिन वित्तीय संस्था बाध्य हूने छैन ।

८. यस सम्बन्धी थप जानकारी चाहिएमा छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड केन्द्रिय कार्यालय प्रशासन विभाग वा IT विभाग काठमाण्डौंमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । साथै, बोलपत्र सम्बन्धी सुचना तथा Specification बोलपत्र फारम वा यस वित्तीय संस्थाको Website: www.chhimekbank.org मा पनि हेर्न सकिनेछ ।